# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ४ संख्या : २ मिति : २०७७/०४/०५**

# भाग १

# कपिलवस्तु नगरपालिका

## कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०७७

**कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७७०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कपिलवस्तु नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०७७७०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७७७०७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ११०३५०७६७०।००- (एक अर्व दस करोड पैतीस लाख सात हजार छ सय सत्तरी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७७०७८ को निमित्त कपिलवस्तु नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ भए पश्चात संघीय सरकार, प्रदेश सरकार एंवम अन्य निकायबाट प्राप्त हुने सशर्त तथा निशर्त रुपमा हस्तानान्तरण हुन सकने वित्तिय श्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूचि-१
दफा २ संग सम्बन्धित
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १०६२३६ | ३९६८२५ | 0 | ५०३०६१ |
| २ | | वडा समिति | ४६०७७ | १३०२५५ | 0 | १७६३३२ |
| ३ | | बिषयगतशाखा | ३७३८०२ | ४९६१३ | 0 | ४२३४१५ |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | २०० | | ५०० | ७०० |
| ५ | | लगानी (शेयर/ऋण) | 0 | 0 | 0 | ० |
| | | जम्मा : | ५२६३१५ | ५७६६९२ | ५०० | ११०३५०८ |
| | | प्रतिशतमा | ४७.६९ | ५२.२६ | ०.०५ | १००.०० |

.............................

आज्ञाले

हरि प्रसाद ज्ञवाली

नि. प्रमुख प्रशासकीय अधिकृत